# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको त्रैमासिक प्रकाशन

वर्ष १४, अङ्क १

(२०८१ पुस १७ गतेदेखि २०८१ चैत १८ गतेसम्म)


## मधेस प्रदेशको

# मानव अधिकार अवस्था विश्लेषण

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश कार्यालय, जनकपुरधामले त्रैमासिक रुपमा स्थिति सूचक प्रकाशन गर्दै आएको छ। मधेश प्रदेशका आठ ओटै जिल्लामा रहेका इन्सेक प्रतिनिधिहरूले जिल्लामा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूलाई पुष्टि, पुर्नपुष्टि एवम् अभिलेखीकरणका आधारमा स्थितीसूचक प्रकाशन तथा प्रदेशको मानव अधिकार अवस्था विश्लेषण गर्ने गरिएको छ। सन् २०२५ जनवरीदेखि २०२५ मार्चसम्मको अवधिका घटनाहरू यस त्रैमासिक प्रतिवेदनमा समावेश गरिएको छ।

यस अवधिमा (सन् २०२५ जनवरीदेखि मार्चसम्म) ५ सय १४ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भएको इन्सेकले अभिलेखीकरण गर्‍यो। जसमध्ये राज्य पक्षबाट दुई र गैर राज्यपक्षबाट १५ जना पुरुष पीडित भए। यस अवधिमा सबैला नगरपालिका-९ भठिहनस्थित चोकको नाम राख्ने विषयमा दुई समूहबीच ०८१ चैत ४ गते भएको झडपलाई नियन्त्रणमा लिने क्रममा प्रहरीले चलाएको गोली लागेर सहिद नगर नगरपालिका-१ का २० वर्षीय सन्तोष यादव घाइते भए। यसै अवधिमा एक जना कैदीको महोत्तरीस्थित जलेश्वर कारागारमा मृत्यु भयो। त्यस्तै गैर राज्य पक्षबाट ४ सय ९७ जना महिला सहित ५ सय १४ जना पीडित भए।

यो तीन महिनाको अवधिमा मधेस प्रदेशमा गैर राज्यपक्षबाट दुई जना पुरुष, एक बालक र तीन जना महिला सहित ६ जनाको हत्या भयो। जसमध्ये सप्तरी, धनुषा र महोत्तरीमा एक/एक जना महिला गरी तीन जना महिलाको परिवारजनबाट हत्या भएको इन्सेकले अभिलेख गर्‍यो। गैर राज्यपक्षबाट ४ सय ९७ जना महिलाको अधिकार हनन् भएको देखिन्छ। जसमध्ये घरेलु हिंसाबाट ३ सय ४० जना, दाइजोका कारण कुटपिट ४२, कथित बोक्सी आरोपमा आठ, बलात्कारबाट २३, बलात्कार प्रयासबाट १८, बेचबिखन तथा ओसापसारबाट नौ र चरित्र हत्याबाट तीन जना पीडित भएको इन्सेकको अभिलेखमा देखिन्छ।

त्यसैगरी, यो तीन महिनाको अवधिमा गैर राज्यपक्षबाट ३७ बालिका र दुई बालक गरी ३९ जना बालबालिकाहरु पीडित भएका छन्। जसमध्ये बलात्कारबाट २६ र यौन दुर्व्यवहारबाट १० बालिका पीडित भए भने बेचबिखन घटनामा एक बालिका र दुई जना बालक पीडित भए।

यस अवधिमा गैर राज्य पक्षबाट बढी मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू भएको देखिन्छ। जसमध्ये महिला र बालिकाहरूमाथि हिंसाका घटनाहरू बढी देखिएको छ।

यद्यपी मधेस प्रदेश सरकारले दलित सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६ र दलित सशक्तिकरण नियमावली, २०७८ निर्माण गरेको छ स्थानीय स्तरमा प्रदेश र स्थानीय सरकारले यसको प्रभावकारी कार्यान्वयन गर्न नसक्दा यो तीन महिनाको

अवधिमा मात्र गैर राज्य पक्षबाट दलितमाथि हुने जातीय छुवाछुत घटनामा तीन जना पुरुष पीडित भए। औरही गाउँपालिका-५ का ३५ वर्षीय डोम समुदायका दीपक मल्लिकको घर ०८१ फागुन १० गते सामूहिक यज्ञस्थल बनाउने भन्दै घर भत्काइएको छ।

मधेस प्रदेशमा आर्थिक, सामाजिक तथा साँस्कृतिक क्षेत्रमा खासै सुधार आउन सकेको छैन। गरिवी, अशिक्षा र वेरोजगारीको समस्या यस प्रदेशमा छ। मुलुकभित्र रोजगारी सृजना हुन नसक्दा वैदेशिक रोजगारमा जाने युवाको संख्या मधेस प्रदेशमा बढेर गएका छन्। नि:शुल्क तथा अनिवार्य शिक्षा संविधानले नै सुनिश्चित गरेपनि अहिले पनि ग्रामिण भेगका बालबालिकाहरू विद्यालय बाहिर छन्। गुणस्तरी शिक्षा सामुदायिक विद्यालयमा घटेर गएको छ। विषयगत शिक्षकहरूको विद्यालयमा अभाव छ भने भएका शिक्षकहरूको सरुवा हुँदा कतिपय विद्यालयहरूमा तालाबन्दी तथा आन्दोलनहरू भएका छन्। नेपालको संविधानले धार्मिक स्वतन्त्रता संवैधानिक रुपमा व्यवस्था गरिएको हुँदा मधेस प्रदेशमा धार्मिक सहिष्णुता कायम गर्नु आवश्यक छ। दलित, यौनिक तथा अल्पसंख्यक समुदायले संविधान तथा कानुनहरूले दिएको अधिकार पाउन नसकेको गुनासो छ। नागरिकले कानुनी शासनको अनुभूति र संविधान र कानुनद्वारा प्रदृत्त अधिकारहरू सहज रुपले पाउनु पर्ने आजको आवश्यकता छ। अन्त्यमा मानव अधिकारको प्रत्याभुतिमा सबै सरोकारवाला निकायको भूमिका महत्वपूर्ण हुन्छ।

**राजु पासवान**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
### (जनवरी–मार्च २०२५)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| घाइते | | १ | १ | | | | १ |
| अपहरण | | | | ६ | | ६ | ६ |
| कुटपिट | | | | ७ | ६ | १३ | १३ |
| बाल अधिकार | | | | ३७ | २ | ३९ | ३९ |
| अमानवीय व्यवहार | | | | १ | १ | २ | २ |
| हत्या | | | | | ३ | ३ | ३ |
| जेलमा मृत्यु | | १ | १ | | | | १ |
| महिला अधिकार | | | | ४४६ | | ४४६ | ४४६ |
| जातीय विभेद | | | | | ३ | ३ | ३ |
| जम्मा | | २ | २ | ४९७ | १५ | ५१२ | ५१४ |

# मधेस प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८१ पुस १७ गतेदेखि २०८१ चैत १८ गतेसम्म)

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

#### हत्या

**बारा**

कलैया उपमहानगरपालिक-१ बैंक रोड स्थित नव जन्म सुधार केन्द्रमा रहेका कलैया उपमहानगरपालिक-९ का ३२ वर्षीय धिरेन्द्र मण्डल भनिने प्रदिप मण्डलको हत्या गरेको आरोपमा प्रहरीले सुधार केन्द्रका सञ्चालक सहित १० जनालाई ०८१ फागुन २ गते गिरफ्तार गऱ्यो। सुधार केन्द्रमा अनुशासनमा नबसेको भन्दै ०८१ फागुन १ गते राती कुटपिट गर्नेहरूमा सुधार केन्द्रका सञ्चालक कलैया उपमहानगरपालिका-३ भवानिपुरका २२ वर्षीय साहेब बाबु मन्सुर, सोही ठाउँका १९ वर्षीय सर्फराज मन्सुरी, २२ वर्षीय साहिल अली, २९ वर्षीय सागर गुप्ता र २९ वर्षीय तमन्ना अली, कलैया उपमहानगरपालिका-४ का २२ वर्षीय निरज सरार्फ, कलैया उपमहानगरपालिका-२ का २१ वर्षीय प्रमेश्वार साह कानु र २१ वर्षीय सुरज शेख, कलैया उपमहानगरपालिका-१ का २४ वर्षीय अरुण सरार्फ, कलैया उपमहानगरपालिका-६ का २० वर्षीय राहुल भनिने महमद आशु मियाँ शेखलाई गिरफ्तार गरी अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयका एसपी सन्तोष तामाङले बताए। कुटपिटका कारण मृतकको घाँटी, गालामा र हातको औँलाहरूमा निलडाम देखिएको पीडित पक्षले बताए। आरोपितहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय कलैयामा फागुन २ गते पीडित पक्षले उजुरी दिए। शवको पोष्टमार्टम फागुन २ गते प्रादेशिक अस्पताल कलैयामा गरी सद्गतका लागि शव आफन्तलाई बुझाएको प्रहरीले जनायो। जिल्ला सरकारी वकिल कार्यालय मार्फत आरोपितहरूविरुद्ध फागुन २३ गते जिल्ला अदातलमा मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश कोमलप्रसाद आचार्यको फागुन २७ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षको लागि थुनामा पठाउने पठायो। अन्य आरोपितहरू हालसम्म फरार छन्।

#### झडप

**धनुषा**

सबैला नगरपालिका-९ भठिहनस्थित चोकको नाम राख्ने विषयमा दुई समूहबीच ०८१ चैत ४ गते भएको झडपलाई नियन्त्रण गर्न प्रहरीले चलाएको गोली लागेर सहिदनगर नगरपालिका-१ का २० वर्षीय सन्तोष यादव घाइते भए। भठिहनस्थित चोकको नाम यादव चोक राखिएको थियो। तर, अन्य समुदायका मानिसहरूले चोकको उक्त नामको विरोध गर्दै चोकको नाम लेखिएको बोर्ड हटाएका थिए। जसका कारण दुई समूहबीच विवाद भई झडप भएको थियो। झडपलाई नियन्त्रणमा लिन १३ राउण्ड अश्रु ग्याँस र पाँच राउण्ड हवाई फायर गरेको भए तापनि अवस्था सामान्य हुन नसक्दा बाध्य भई प्रहरीले गोली प्रहार गर्नु परेको जिल्ला प्रहरी कार्यालयका एसपी भुवनेश्वर तिवारीले बताए। यादवको कम्मर भन्दा तल बायाँ नितम्बमा गोली लागेको कारण उपचारको लागि जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा ल्याएको भए तापनि यहाँ उनको उपचार हुन नसक्दा थप उपचारको लागि सोही दिन काठमाडौँ स्थित ट्रमा सेन्टरमा भइरहेको छ। घाइतेको उपचार खर्च नेपाल सरकारको गृह मन्त्रालयले व्यहोर्ने जिल्ला प्रहरी कार्यालय धनुषाका एसपी भुवनेश्वर तिवारीले बताए।

#### कुटपिट

**धनुषा**

विदेह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ३५ वर्षीय दिपेन्द्र कुमार शाहलाई ०८१ माघ २७ गते सोही नपालिकाका नगर प्रमुख ४० वर्षीय बेचन दास र उनका २५ वर्षीय छोरा राम भजन दासले गालिगलौज र कुटपिट गरेको आरोपमा पीडितले माघ २९ गते जिल्ला प्रशासन कार्यालय धनुषामा उजुरी दिए। शिक्षक सेवा आयोगबाट सामाजिक विषयको निमावि तहमा सिफारिस भई आएकी शिक्षिका पवन कुमारीलाई माघ २७ गते हाजिर गराउँदा नगर प्रमुखका छोरा दासले कार्यकक्षमै गालिगलौज र कुटपिट गरेको र नगर प्रमुख दासले धाक

धम्की दिएको अधिकृत शाहले बताए। घटना लगत्तै आरोपितहरूविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला प्रहरी कार्यालयका मुद्दा शाखाका इन्स्पेक्टर सागर कार्कीले आरोपित पक्षसँग घटना बारे जानकारी लिएको भए तापनि हालसम्म पीडित पक्ष हाम्रो सम्पर्कमा नआएको बताए।

विदेह नगरपालिका-९ बैदेहीस्थित स्वास्थ्य चौकीका प्रमुख विदेह नगरपालिका-२ दुहबी निवासी ३१ वर्षीय ओम पण्डितमाथि ०८१ माघ ११ गते अपरिचित व्यक्तिहरूले कुटपिट गरे। पीडितले शान्ति सुरक्षाको माग गर्दै माघ १३ गते जिल्ला प्रशासन कार्यालय धनुषामा निवेदन दिए। पीडित माघ ११ गते स्वास्थ्य चौकीबाट घर फर्कदै गर्दा बिमला नदी नजिक पुगेपछि भारतीय नम्बर भएको तीन ओटा मोटरसाइकलमा आएका ६ जना अपरिचित व्यक्तिहरूले घेरा हाली मरनासन्न हुने गरी कुटपिट गरेको मण्डलले बताए। कुटपिटबाट मण्डलको मुख र नाकमा चोट लाग्नुका साथै दाहिने हातको हड्डी भाँचिएको उनले बताए। घाइतेको उपचार जनकपुरधामस्थित प्रादेशिक अस्पताल भएको विदेह नगरपालिका-२ दुहबीका वडा अध्यक्ष रामपुकार यादवले बताए।

### पर्सा

वीरगञ्ज महानगरपालिका-२५ का वडाध्यक्ष ४५ वर्षीय आशुतोष चतुर्वेदीमाथि फागुन २९ गते वीरगञ्ज महानगरपालिका-१३ का ४३ वर्षीय सागर शम्शेर राणा, प्रहरी जवान ३५ वर्षीय दिपेश क्षेत्री, सोही मनपा- १० का वडा अध्यक्ष ३८ वर्षीय सुशील साह कानु र ३७ वर्षीय लगन लाल गुप्ता, सोही मनपा- ११ का ४२ वर्षीय भुषण यादव, सोही मनपा- १६ का ३२ वर्षीय भुषाल चौरासीया, सोही मनपा- ६ का ३७ वर्षीय बिक्कि गुप्ताविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालय, पर्सामा उजुरी चैत ८ गते दिए। फागुन २९ गते राती वीरगञ्जस्थित डायमण्ड पार्टी प्यालेसमा भएको रात्री भोजमा सहभागि भएको बेला लेनदेनको विषयमा विवाद हुँदा आफूमाथि कुटपिट गरेको पीडितले बताए। उजुरीपश्चात आरोपितहरू फरार रहेकोले खोजतलास गरिरहेको जिल्ला प्रहरी कार्यालयका एसपी गौतम मिश्रले बताए। घाइतेको नेशनल अस्पताल वीरगञ्जमा उपचार भयो।

पोखरिया नगरपालिका-१ स्थित आधारभुत स्वास्थ्य केन्द्रमा एचपिभि खोप अभियानमा ०८१ माघ २५ गते खटिएका स्वास्थ्यकर्मी वीरगञ्ज महानगरपालिका-१६ का ४२ वर्षीय शोशिल कुमार महत्तोलाई गाली गलौज गर्दै हातपात गरी दुर्व्यवहार गरेको आरोपमा पोखरिया नगरपालिका-१ वनकटवाका ३५ वर्षीय प्रमोद पटेल र ३५ वर्षीय मन्जय गिरीलाई माघ १५ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरूविरुद्ध पीडितले माद्द २५ गते जिल्ला प्रहरी कार्यालय पर्साका उजुरी दिए। नेपाल सरकार स्वास्थ्य मन्त्रालयद्वारा सञ्चालित पाठेघरको मुखको क्यान्सर रोग निवारणका लागि खोप अभियान अन्तर्गत आफ्नो छोरीलाई उक्त खोप प्रदान गर्न भन्दै आरोपितहरूले पीडितलाई दुर्व्यवहार गरेको खोप केन्द्रका इन्चार्ज तथा अहेव शोशिल कुमार महत्तोले बताए। जिल्ला स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले स्वास्थ्यकर्मी माथि भएको हातपात र दुर्व्यवहारको घटना निन्दनीय र खेदजनक भएकोले दोषीलाई कानुन अनुसार कारबाही हुर्नुपर्ने बताए।

## कारागारमा मृत्यु

### महोत्तरी

आगजनी घटनाको अभियोगमा महोत्तरीस्थित कारागारमा सजाय भुक्तान गरिरहेका धनुषा जिल्ला बटेश्वर गाउँपालिका-१ कार्तिकुमरका ५६ वर्षीय जोगेन्द्र महराको ०८१ माघ १९ गते मृत्यु भयो। कारागार प्रशासन प्रमुख अशोक क्षेत्रीका अनुसार अचानक पेट दुखेपछि उनलाई मध्यराति प्रादेशिक अस्पताल जलेश्वरमा भर्ना गरिएको थियो। ...उनले ग्यासको ट्याब्लेट खाँदै आएका थिए। राति अचानक उनको पेट दुखेपछि हामीले उनलाई प्रादेशिक अस्पताल जलेश्वरमा भर्ना गरायौँ। उपचारको क्रममा राति २:३० बजे तिर डाक्टरले मृत घोषणा गरे,' कारागार प्रशासन प्रमुख क्षेत्रीले बताए। २०३८ सालमा गाउँकै एक जनाको खेतमा भएको आगजनी घटना अभियोगमा धनुषा जिल्ला अदालतले उनलाई दोषी ठहर गरेको थियो।

## बाल अधिकार

### हत्या

### पर्सा

छिपहरमाई गाउँपालिका-१ का १७ वर्षीय बालक अनिल यादवको ०८१ माघ १३ गते हत्या गरेको आरोपमा सोही ठाउँका १७ वर्षीय बालक, २२ वर्षीय शैलेश यादव, १७ वर्षीया बालिका र वीरगञ्ज महानगरपालिका-२८ का १९ वर्षीय राकेश महत्तोलाई ०८१ माघ १५ गते प्रहरीले गिरफ्तार गऱ्यो। प्रेमिका भेट्न पुगेका अनिल यादवलाई आरोपितहरूले कुटपिट गरी हत्या गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालय पर्सामा आरोपितहरूविरुद्ध माघ १५ गते उजुरी

दिए। शवको पोस्टमार्टम नारायणी अस्पतालमा माघ १३ गते गरी सोही दिन परिवारलाई बुझाएको डिएसपी सुवाश भट्टले बताए। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत आरोपितहरुविरुद्ध जिल्ला अदालतमा फागुन ५ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश दीपक खनालको फागुन ८ गतेको इजलासले आरोपित बालकलाई पुर्पक्षका लागि बालसुधार गृहमा पठायो भने आरोपित बालिका संरक्षकको जिम्मामा छन्। त्यसैगरी, आरोपित राकेश महतो १ लाख रुपियाँ धरौटीमा रिहा भए। हरुलाई धरौटीमा रिहा आदेश गर्‍यो।

## बेचबिखन प्रयास

### धनुषा

आठ वर्षीय बालकलाई ०८१ माघ ८ गते बेचबिखन प्रयास गरेको आरोपमा लक्ष्मीनिया गाउँपालिका-३ का २८ वर्षीय कमलेश शाहविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, धनुषामा माघ १२ गते उजुरी दिए। पीडित बालकलाई माघ ८ गते ललाई फकाई भारत तर्फ लैजादै गरेको अवस्थामा जलेश्वरको भिठामोठ बोर्डरबाट जिल्ला प्रहरी कार्यालय महोत्तरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय धनुषालाई बुझाएको र पीडित बालकलाई सोही दिन परिवारजनको जिम्मा लगाएको इन्स्पेक्टर सागर कार्कीले बताए। जिल्ला अदालतको फागुन २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीय बालकलाई ०८१ फागुन १६ गते ललाई फकाई भारत तर्फ लैजादै गरेको अवस्थामा धनुषा बेलहा बोर्डरबाट सहिद नगरपालिका-८ का २७ वर्षीय सत्येन्द्र महरालाई प्रहरीले गिरफ्तार गर्‍यो। बालकलाई फागुन १७ गते प्रहरीले परिवारजनको जिम्मा लगायो। पीडित परिवारले आरोपितविरुद्ध फागुन १८ गते जिल्ला प्रहरी कार्यालय, धनुषामा उजुरी दिए। जिल्ला अदालत धनुषाको चैत १९ गतेको आदेशले आरोपितलाई एक वर्ष कैद सजायको फैसला सुनाएको अधिकृत आत्माराम विश्वकर्माले बताए।

### सर्लाही

१५ वर्षीय बालिकलाई ०८१ चैत ३ गते बेचबिखन प्रयास गरेको भन्दै लालबन्दी नगरपालिका-१७ रानिगञ्जका ३६ वर्षीय बिमल कार्कीविरुद्ध पीडित पक्षले चैत ६ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिए। पीडित बालिकलाई आरोपित कार्कीले रोजगारीको प्रलोभन देखाई भारतको विहार राज्य पटनामा लैजादै गरेको अवस्थामा नेपाल भारतको सिमा मलंगवा नगरपालिका-२ र ८ को बिचमा रहेको गोरखकाली नजिक खटिएका

**बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी – मार्च २०२५)**

| | |
|---|---|
| बलात्कार | २६ |
| यौन दुर्व्यवहार | १० |
| बेचबिखन तथा ओसारपसार | ३ |
| जम्मा | ३९ |

आशिस सामाजिक सेवा नेपालका प्रतिनिधिले सोधपुछ गर्दा आरोपितले बालिकालाई छाडी भारत तर्फ फरार भएको प्रहरीले जनायो। बालिकलाई उद्धार गरी सोही दिन परिवारजनको जिम्मा लगाएको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी सरोज राईले बताए।

## अपहरण

### बारा

१७ वर्षीया बालिकालाई ०८१ फागुन ११ गते अपहरण गरी बेपत्ता बनाएको आरोपमा आदर्श कोतवाल गाउँपालिका-३ का ६३ वर्षीय बाबुलाल महत्तो, ६१ वर्षीया चनरदेबि महत्तो, ३५ वर्षीय भोला कुमार कुशवाह र २० वर्षीय सरोज कुमार कुशवाहविरुद्ध पीडितकी आमाले जिल्ला प्रहरी कार्यालय, कलैयामा फागुन ११ गते उजुरी दिइन्। घरमा बसिरहेकी बालिकालाई आरोपितहरुले अपहरण गरी बेपत्ता बनाएको पीडितकी आमाले बताइन्। उजुरी पश्चात आरोपितहरू फरार रहेकोले खोजलतास भइरहेको जिल्ला प्रहरी कार्यालयका एसपी सन्तोष तामाङले बताए।

## बलात्कार, यौनदुर्व्यवहार

### सप्तरी

पाँच वर्षीया बालिकालाई ०८१ फागुन १४ गते बलात्कार गरेको आरोपमा छिमेकी १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय सप्तरीमा फागुन १५

गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा भयो। सीमावर्ती भारतीय क्षेत्रमा रहेका नातेदार बिरामी परेकाले त्यहाँसम्म पुर्याइदिन पीडितकी आमाले गरेको आग्रह अनुसार आरोपितले दिउँसो मोटरसाइकलमा बालिकालाई लगेकोमा साँझपख बेहोस अवस्थामा ल्याएर घरमा छाडिदिएको पीडितकी आमाले बताइन्। बाटोमा बिरामी परेकाले ल्याउन ढिलो भयो भन्दै बालिकालाई घरमा फर्काएर गएपछि आरोपित गाउँबाट फरार रहेको पीडितकी आमाले बताइन्। आरोपित हालसम्म फरार छन्।

१४ वर्षीया बालिकालाई फागुन १४ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन १६ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा भयो। प्रहरीले थप अनुसन्धान प्रक्रिया अघि बढाएको एसपी ढकेन्द्र खतिवडाले बताए।

१५ वर्षीया बालिकालाई ०८१ माघ ९ गते बलात्कार गरेको आरोपमा विष्णुपुर गाउँपालिका-७ का १९ वर्षीय अकलेश कुमार मण्डलविरुद्ध पीडितले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ ९ गते गिरफ्तार गर्‍यो। बालिकाले प्रतिकार गर्दा आरोपितले बालिकाको बायाँ हात समेत भाँचिदिएको पीडित पक्षले बताए। पीडितको स्वास्थ्य परीक्षण माघ ९ गते गजेन्द्रनारायण सिंह अस्पतालमा भयो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत फागुन २ गते जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश उदविर नेपालीको फागुन ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

सात वर्षीया बालिकालाई ०८१ चैत १ गते बलात्कार गरेको आरोपमा डाक्नेश्वरी नगरपालिका-६ का ४० वर्षीय मकसुदन यादवविरुद्ध पीडित पक्षले चैत १ गते इलाका प्रहरी कार्यालय, कल्याण्पुरमा उजुरी दिए। आरोपितलाई प्रहरीले चैत १ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण चैत १ गते गजेन्द्रनारायण सिंह अस्पताल, सप्तरीमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत २६ गते जिल्ला अदालतमा मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश तिलकबहादुर कार्कीको चैत २७ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

१६ वर्षीया बालिकालाई बलात्कार ०८१ माघ ६ गते बलात्कार गरेको आरोपमा भारत राज्य विहार अररीया जिल्ला थाना फुलकाहा नवाबगंज फुलकाहा बजार-५ का २५ वर्षीय अंकित कुमार दासविरुद्ध पीडित पक्षले माघ ६ गते जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ ६ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ ६ गते गजेन्द्रनारायण सिंह अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा माघ २७ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश टंकबहादुर महतको माघ २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८१ फागुन १५ गते बलात्कार गरेको आरोपमा महादेव गाउँपालिका-३ का १९ वर्षीय सुमितकुमार यादवविरुद्ध पीडित पक्षले फागुन १६ गते जिल्ला प्रहरी कार्यालय, सप्तरीमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन १६ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १६ गते गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल मार्फत जिल्ला अदालतमा चैत १० गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश टंकबहादुर महतको चैत ११ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२३ वर्षीया महिलालाई ०८१ फागुन २४ गते बलात्कार गरेको आरोपमा तिलाथी कोइलाडी गाउँपालिका-३ का २५ वर्षीय शिवरामकुमार खंगविरुद्ध पीडितले फागुन २६ गते जिल्ला प्रहरी कार्यालय, सप्तरीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा भयो। आरोपितलाई प्रहरीले फागुन २७ गते गिरफ्तार गर्‍यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत २१ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश टंकबहादुर महतको चैत २२ गतेको इजलासले आरोपितलाई धरौटीमा रिहा गर्ने आदेश दियो।

१० वर्षीया बालिकालाई ०८१ चैत १७ गते यौन दुर्व्यवहार गरेको आरोपमा शम्भुनाथ नगरपालिका-३ कचनदाहा का ३१ वर्षीय नगेन्द्र पालविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, राजविराजमा सोही दिन उजुरी दिए। प्रहरीले आरोपितलाई चैत १७ गत नै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण चैत १७ गते गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा भयो।

कक्षा १० मा अध्ययनरत १६ वर्षीया बालिकालाई ०८१ फागुन २० गते यौन दुर्व्यवहार गरेको आरोपमा

सप्तकोशी नगरपालिका-२ स्थित एक विद्यालयका ३३ वर्षीय शिक्षकविरुद्ध पीडित पक्षले फागुन २१ गते इलका प्रहरी कार्यालय कञ्चनरुपमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन २१ गते गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत ७ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उदवीर नेपालीको चैत ७ गतेको इजलासले आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

१५ वर्षीया बालिकालाई ०८१ माघ २८ गते यौन दुर्व्यवहार गरेको आरोपमा सप्तकोशी नगरपालिका-१ भगनी पिपल टोलका २९ वर्षीय गोपाल प्रसाद सन्तविरुद्ध पीडित पक्षले माघ २९ गते इलाका प्रहरी कार्यालय, कंचनपुरमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ २९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २९ गते गजेन्द्रनारायण सिंह अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा फागुन १८ गते मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश दीपक कुमार दाहालको फागुन १९ गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

१५ वर्षीया बालिकालाई ०८१ पुस २७ गते यौन दुर्व्यवहार गरेको आरोपमा १२ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ ११ गते इलाका प्रहरी कार्यालय, कल्याणपुरमा उजुरी दिए। आरोपितलाई प्रहरीले चैत १३ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ११ गते गजेन्द्रनारायण सिंह अस्पताल, राजविराजमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत २६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार दाहालको चैत २७ गतेको इजलासले आरोपितलाई संरक्षकको जिम्मा लगाउने आदेश दियो।

पाँच वर्षीया बालिकालाई ०८१ चैत १ गते यौन दुर्व्यवहार गरेको आरोपमा राजविराज नगरपालिका-३ का २१ वर्षीय रोहित भनिने महेशकुमार साहविरुद्ध पीडित पक्षले चैत ४ गते जिल्ला प्रहरी कार्यालय, सप्तरीमा उजुरी दिए। आरोपितलाई प्रहरीले चैत ४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ४ गते गजेन्द्र नारायण सिंह अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत १७ गते अभियोग पत्र दायर भयो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार दाहालको चैत १९ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा आदेश दियो।

**सिरहा**

१७ वर्षीया बालिकालाई ०८१ माघ २७ गते अपहरण तथा शरीर बन्धक बनाई बलात्कारपछि हत्या गरेको आरोपमा १३ वर्षीय बालक, नवराजपुर गाउँपालिका-१ का १८ वर्षीय चन्दन साह र १८ वर्षीय रामविनय मण्डलविरुद्ध पीडितकी आमाले इलाका प्रहरी कार्यालय लहानमा ०८१ फागुन ८ गते उजुरी दिइन्। नवराजपुर गाउँपालिका-१ का वडा सदस्य ४६ वर्षीय नथुनी साह, ५५ वर्षीय रामकृपाल मण्डल, ४१ वर्षीय बिन्देश्वर साह र ४८ वर्षीय राजेन्द्र मण्डल, ८४ वर्षीय चन्देश्वर मण्डल, ४५ वर्षीय रामबिनोद मण्डल र ४५ वर्षीय कमलेश दासलगायतका स्थानीयले पीडित परिवारलाई १ लाख ४० हजार रुपियाँ दिई घटनालाई गाउँमै मिलापत्र गराई दबाउन खोजेका थिए। जसका कारण पीडित बालिकाले माघ ३० गते पासोमा झुन्डिएर आत्महत्या गरिन्। गम्भीर प्रकृतिको घटनालाई पञ्चायत बसी मिलापत्र गराएका आरोपितहरू नवराजपुर गाउँपालिका-१ का वडा सदस्य नथुनी साह, रामकृपाल मण्डल, बिन्देश्वर साह र राजेन्द्र मण्डललाई जिल्ला प्रहरी कार्यालय सिरहाले फागुन २३ गते गिरफ्तार गऱ्यो। चन्देश्वर मण्डल, रामबिनोद मण्डल र कमलेश दास फागुन ११ गते र आरोपित बालक फागुन २१ गते गिरफ्तार भए। इलाका प्रहरी कार्यालय लहानका डिएसपी विष्णु प्रसाद सोतीले हामीलाई आत्महत्या गरेको जानकारी आएको र घटनाको प्रारम्भिक अनुसन्धानमा दुरुत्साहन देखिएकोले फागुन १ गते आत्महत्या दुरुत्साहनमा आएको उजुरी दर्ता गरेको बताए। तर, अनुसन्धान पछि हत्या र बलात्कार साथै पञ्चायती गरेर मिलापत्र पनि गराएको खुल्न आएकोले आरोपितहरु सहित पञ्चायती गर्नेहरु उपर पनि अपहरण गरी आफ्नो नियन्त्रणमा राखि सामूहिक बलात्कार गरी हत्या गरेको, पञ्चायतीद्वारा लेनदेन गरी मिलापत्र समेत गर्न खोजेको अन्तर्गतको कसुरमा पुरक उजुरी लिएर अनुसन्धान सुरु गरेको डिएसपी सोतीले बताए। शवको पोष्टमार्टम विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा फागुन ३ गते भयो। जिल्ला अदालतको ०८१ चैत १२ गतेको आदेशमा आरोपित बालकलाई संरक्षकको जिम्मा लगाउने, वडा सदस्य नथुनी साहलाई पुर्पक्षको लागि थुनामा पठाउने, रामबिनोद मण्डल र कमलेश दासलाई साधारण तारेखमा रिहा गर्ने र रामकृपाल मण्डल, कारी सदा, बिन्देश्वर साह र रामदेव सदालाई जनही १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। अन्य आरोपितहरु हालसम्म फरार छन्।

१५ वर्षीया बालिकालाई ०८१ पुस १७ गते बलात्कार गरेको आरोपमा औरही गाउँपालिका-४ का २२ वर्षीय करणकुमार यादवविरुद्ध पीडित परिवारले पुस १८ गते जिल्ला प्रहरी कार्यालय सिरहामा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल सिरहामा पुस १८ गते भयो। आरोपितलाई प्रहरीले पुस १८ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत माघ १३ गते जिल्ला अदालतमा मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद मैनालीको माघ १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ फागुन २७ गते सामूहिक बलात्कार गरेको आरोपमा नरहा गाउँपालिका-५ का ४५ वर्षीय सफिक शेख र ४० वर्षीय सुभान शेखविरुद्ध पीडित पीडित पक्षले फागुन २९ गते जिल्ला प्रहरी कार्यालय सिरहामा उजुरी दिए। प्रहरीले चैत ३ गते उजुरी दर्ता गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण फागुन २९ गते प्रादेशिक अस्पताल सिरहामा भयो। आरोपितहरू फरार रहेकाले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिरेन्द्र कुमार पासवानले बताए।

**धनुषा**

१७ वर्षीय बालिकालाई ०८१ पुस २७ गते बलात्कार गरेको आरोपमा बटेश्वर गाउँपालिका-४ का २२ वर्षीय अजय शाहविरुद्ध पीडित पक्षले माघ २ गते इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस २८ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजीकार्य भइरहेको इन्स्पेक्टर सोनु शाहले बताए।

१६ वर्षीया बालिकालाई ०८१ फागुन २३ गते बलात्कार गरेको आरोपमा सहिद नगर नगरपालिका-४ का २० वर्षीय प्रवेश शाहविरुद्ध पीडित पक्षले फागुन २३ गते इलाका प्रहरी कार्यालय यदुकुहामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन २३ गते जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन २९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको चैत ८ गतेको इजलासले आरोपितलाई पूर्पक्षका लागि जलेश्वर कारागार पठाएको इलाका प्रहरी कार्यालय, यदुकुहाका इन्स्पेक्टर ओमप्रकाश यादवले बताए।

१६ वर्षीया बालिकालाई ०८१ पुस २१ गते यौन दुर्व्यवहार गरेको आरोपमा सिराहा जिल्ला सिराहा नगरपालिका-३ घर भई हाल जनकपुरधाम उपमहानगरपालिका-९ बस्ने २१ वर्षीय राजेश झाविरुद्ध पीडित पक्षले पुस २४ गते इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस २५ गते प्रादेशिक अस्पताल जनकपुरधाम भयो। आरोपितलाई प्रहरीले फागुन २३ गते गिरफ्तार गरी अनुसन्धान गरिरहेको इन्स्पेक्टर सोनु शाहले बताए। आरोपित चैत ५ गते जिल्ला प्रशासन कार्यालय धनुषाको आदेशमा १० हजार रुपियाँ धरौटी रिहा भएको अधिकृत बालमुकुन्द मिश्राले बताए।

**महोत्तरी**

१३ वर्षीया बालिकालाई ०८१ फागुन २ गते बलात्कार गरेको आरोपममा बलवा नगरपालिका-२ का २७ वर्षीय ललन कुमार साहविरुद्ध पीडित पक्षले फागुन २९ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन २८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ परीक्षण फागुन २८ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा चैत २६ गते मुद्द दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश मदनबहादुर धामीको चैत २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ फागुन २७ गते बलात्कार गरेको आरोपममा औरही नगरपालिका-९ भवानिगन्जका २८ वर्षीय रोशन महतोविरुद्ध पीडित पक्षले चैत ६ गते जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा उजुरी दिए। आरोपित फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर बिशाल सिंहले बताए। पीडितको स्वास्थ परीक्षण चैत ६ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो।

तीन वर्षीया बालिकालाई ०८१ चैत १७ गते बलात्कार गरेको आरोपमा १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत १८ गते जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत १८ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो। घटनाबारे अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका डिएसपी सन्तुलालप्रसाद जैसवारले बताए।

१२ वर्षीया बालिकालाई ०८१ चैत १७ गते यौन दुर्व्यवहार गरेको आरोपमा पिपरा गाउँपालिका-६ का ६० वर्षीय तपशि यादवविरुद्ध पीडित पक्षले चैत १८ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत १८ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो। उजुरी पश्चात घटनाको अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर बिशाल सिंहले बताए।

१२ वर्षीया बालिकालाई ०८१ फागुन ११ गते यौन दुर्व्यवहार गरेको आरोपमा भारत राज्य सितामढी जिल्ला परिहार घर भएका ४२ वर्षीय चैन किसोर दासलाई जिल्ला प्रहरी कार्यालय, महोत्तरीले फागुन ११ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ परीक्षण फागुन ११ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो। प्रहरीले आरोपितविरुद्ध चैत ५ गते महोत्तरी जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजकुमार कोइरालाको चैत ६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागी जलेश्वर कारागारमा थुनामा पठायो।

१० वर्षीया बालिकालाई ०८१ चैत १ गते यौन दुर्व्यवहार गरेको आरोपमा लोहरपट्टी नगरपालिका-४ पीपराडिको रेल्वे ट्र्याकमा कार्यरत सशस्त्र प्रहरीका सइ ४३ वर्षीय महेन्द्रकुमार महतोविरुद्ध पीडित पक्षले चैत १ गते जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा उजुरी दिए। आरोपितलाई प्रहरीले चैत १ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा चैत २५ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मदनबहादुर धामीको चैत २६ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

**सर्लाही**

१६ वर्षीया बालिकालाई ०८१ माघ ८ गते बलात्कार गरेको आरोपमा ईश्वरपुर नगरपालिका-६ का २९ वर्षीय लव भनिने राजेन्द्र साहुविरुद्ध पीडित पक्षले माघ १८ गते इलाका प्रहरी कार्यालय केशरगञ्जमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ १८ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको इलाका प्रहरी कार्यालय केशरगञ्जका इन्स्पेक्टर उमाकान्त जोसीले बताए।

१६ वर्षीया बालिकालाई ०८१ फागुन ११ गते बलात्कार गरेको आरोपमा बरहथवा नगरपालिका-६ का २७ वर्षीय दिपेश कुमार यादवविरुद्ध पीडित पक्षले फागुन २२ गते इलाका प्रहरी कार्यालय बरहथवामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन २३ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको इलाका प्रहरी कार्यालय, बरहथवाका डिएसपी मुक्तीनाथ सापकोटाले बताए।

१७ वर्षीया बालिकालाई ०८१ फागुन १४ गते बलात्कार गरेको आरोपमा ईश्वरपुर नगरपालिका-४ का २८ वर्षीय मुना भनिने महेन्द्र कुमार चौधरीविरुद्ध पीडित पक्षले फागुन २३ गते इलाका प्रहरी कार्यालय केशरगञ्जमा उजुरी दिए। घटनापश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको इलाका प्रहरी कार्यालय केशरगञ्जका इन्स्पेक्टर उमाकान्त जोसीले बताए। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २३ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो।

१५ वर्षीया बालिकालाई ०८१ चैत ४ गते बलात्कार गरेको आरोपमा बरहथवा नगरपालिका-१० का २८ वर्षीय दिपेन्द्र कुमार महराविरुद्ध पीडित पक्षले चैत १९ गते इलाका प्रहरी कार्यालय बरहथवामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत २० गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको इलाका प्रहरी कार्यालय बरहथवाका डिएसपी मुक्तीनाथ सापकोटाले बताए।

१५ वर्षीया बालिकालाई ०८१ पुस २५ गते यौन दुर्व्यवहार गरेको आरोपमा बसबरिया गाउँपालिका-३ का २९ वर्षीय शंकर रायविरुद्ध पीडित पक्षले माघ ४ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ४ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी दिपक श्रेष्ठले बताए।

**रौतहट**

१५ वर्षीया बालिकालाई ०८१ माघ २८ गते देबाहीगोनाही नगरपालिका-९ का २० वर्षीय अनिल गोसाईले बलात्कार गरेको भन्दै पीडितले फागुन ७ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिइन्। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ४ गते प्रादेशिक अस्पताल गौरमा भयो। प्रहरीले आरोपितविरुद्ध चैत ३ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विमला रेग्मीको चैत ४ गतेको इजलासले आरोपित पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ माघ ३० गते बलात्कार गरेको आरोपमा गुजरा नगरपालिका-६ इस्लामपुरका २० वर्षीय मुन्ना अन्सारीविरुद्ध पीडित पक्षले फागुन ८ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा उजुरी दिए। पीडित बालिकाको स्वस्थ्यपरीक्षण फागुन ८ गते चन्द्रपुर सरकारि अस्पतालमा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको डिएसपी राजकुमार राईले बताए।

११ वर्षीया बालिकालाई ०८१ फागुन ५ गते यौन दुर्व्यवहार गरेको आरोपमा फतुवा विजयपुर नगरपालिका-

३ का ६० वर्षीय दुखा साह कानुविरुद्ध पीडित पक्षले फागुन ६ गते इलाका प्रहरी कार्यालय लक्ष्मीनिया विजयपुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन ६ गते प्रादेशिक अस्पतालमा भयो। अरोपितलाई प्रहरीले फागुन ७ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा फागुन १९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मनोज केसीको फागुन २० गतेको इजलासले आरोपितलाई २५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

### बारा

१६ वर्षीया बालिकालाई ०८१ फागुन २२ गते बलात्कार गरेको आरोपमा कलैया उपमहानगरपालिका-४ का २६ वर्षीय शसिभुषण यादवविरुद्ध पीडित पक्षले फागुन २२ गते जिल्ला प्रहरी कार्यालय कलैयामा उजुरी दिए। पीडितको स्वास्थ्या परीक्षण फागुन २२ गते प्रादेशिक अस्पताल कलैयामा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजि कार्य भइरहेको जिल्ला प्ररही कार्यालयका एसपी सन्तोष तामाङले बताए।

१६ वर्षीया बालिकालाई ०८१ फागुन १४ गते अपहरण गरी शरीर बन्धक बनाई बलात्कार गरेको आरोपमा परवानिपुर गाउँपालिका-५ का २१ वर्षीय विकाश पटेल, ४६ वर्षीय जयाकान्त पटेल र ४८ वर्षीय प्रकाश पटेलविरुद्ध पीडित पक्षले फागुन १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन १४ गते कलैया अस्पतालमा भयो। घटनापश्चात आरोपितहरू फरार रहेको जिल्ला प्रहरी कार्यालय कलैयका एसपी सन्तोश तामाङले बताए।

### पर्सा

१६ वर्षीया बालिकालाई चैत ७ गते बलात्कार गरेको आरोपमा बहदुरमाइ गाउँपालिका-२ का २१ वर्षीय प्रकाश शर्मा भनिने ओमप्रकाश महत्तोविरुद्ध पीडित पक्षले चैत ७ गते जिल्ला प्रहरी कार्यालय, पर्सामा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत ७ गते नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जम भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको प्रहरीले बतायो।

१६ वर्षीया बालिकालाई ०८१ माघ १६ गते बलात्कार गरेको आरोपमा पकाहामैनपुर गाउँपालिका-१ ढोरे टोलका २० वर्षीय सल्मान देवानविरुद्ध पीडितले माघ २९ गते जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ २९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २९ गते नारायणी सरकारी अस्पताल वीरगञ्जमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा फागुन २२ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उत्तम सिलुवालको फागुन २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८१ चैत ५ गते यौन दुर्व्यवहार गरेको आरोपमा पकाहा गाउँपालिका-१ का २५ वर्षीय भुषण राउत र २१ वर्षीय अरुण कुमार यादवविरुद्ध पीडित पक्षले चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित बालिकाको स्वस्थ्य परीक्षण चैत ५ गते नारायणी उपक्षेत्रीय अस्पताल, वीरगञ्जमा भयो।पीडित पक्षको उजुरी लगत्तै फरार भएका आरोपितहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका एसपी गौतम मिश्रले बताए।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवार बेचबिखन तथा ओसारपसार

### पर्सा

१९ वर्षीया युवतीलाई रोजगारी र पैसाको प्रलोभन देखाई यौनजन्य कार्यमा लगाएको आरोपमा वीरगञ्ज महानगरपालिका-१६ स्थित स्वस्तिका होटलका सञ्चालक जितपुर सिमरा उपमहानगरपालिका-१४ की ३८ वर्षीया मिरा कुमारी महत्तो र ओखलढुंगा जिल्ला दियाले गाउँपालिका-५ का ३३ वर्षीय दिपेश राईलाई ०८१ माघ १७ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरूविरुद्ध पीडित पक्षले माघ १७ गते जिल्ला प्रहरी कार्यालय पर्सामा बेचबिखन तथा ओसारपसार शिर्षकमा उजुरी दिइन्। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा फागुन ११ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कमलकान्त जोशीको फागुन १२ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो।

३० र २६ वर्षीया दुई महिलाहरूले भारतको बिहार राज्य मोतिहारी घर भई हाल वीरगञ्ज महानगरपालिका-१६ इनर्वामा डेरा गरी बस्ने मुन्ना खाजा घरका सञ्चालक ३५ वर्षीय मुन्ना आलमविरुद्ध पीडितहरूले ०८१ चैत १२ गते जिल्ला प्रहरी कार्यालय, पर्सामा चैत १२ गते उजुरी दिइन्। उजुरीपश्चात आरोपित फरार रहेको र जिल्ला अदालतबाट पक्राउ अनुमतिपत्र लिइ खोजतलास अगाडि बढाइएको एसपी गौतम मिश्रले बताए।

१८ र २२ वर्षीया महिलाहरूलाई यौनजन्य कार्यमा लगाएको आरोपमा वीरगञ्ज महानगरपालिका-

१५ स्थित होटेल स्मार्टका सञ्चालक ३० वर्षीय रवि गुप्ताविरुद्ध पीडितहरूले ०८१ फागुन १ गते जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दिइन्। आरोपित गुप्ता फरार रहेकोले खेजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुवास भट्टले बताए।

४० वर्षीया र ३६ वर्षीया महिलाहरूलाई महिलाहरूलई यौनजन्य कार्यमा लगाएको आरोपमा वीरगञ्ज महानगरपालिका-१६ स्थित न्यू शान्ति सैनिक होटेल सञ्चालक सोही वडाका ४५ वर्षीय गिनिलाल गुप्ता र होटेलमा आएका ग्राहक भारत बिहार राज्य पुर्वी चम्पारण मोतिहारी थाना नकरदेई ग्राम भवानिपुर-६ का ४० वर्षीय जयप्रकाश साहलाई ०८१ फागुन १ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितहरूले आरोपितहरूविरुद्ध फागुन १ गते जिल्ला प्रहरी कार्यालय पर्सामा बेचबिखन तथा ओसारपसार शिर्षकमा उजुरी दिइन्। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन २१ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उत्तम सिलुवालको फागुन २२ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो।

२३ वर्षीया महिलालाई यौनजन्य कार्यमा लगाएको आरोपमा महोत्तरी भंगाह नगरपालिका-२ टिकुलिया की ३५ वर्षीया सुक्राति चौधरी र भारत छपरा थाना मडहौरा ग्राम पञ्चायत बरदहीया-११ का ३४ वर्षीय मनेगर राय हाल वीरगञ्ज महानगरपालिका-१६ स्थित रितेश खाजा नास्ता होटलका सञ्चालकलाई ०८१ माघ १७ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित पक्षले माघ १७ गते आरोपितहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दिए। प्रहरीले आरोपितहरुविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा फागुन ११ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रूद्रप्रसाद सुवेदीको फागुन १२ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो। अभिलेख नं. १८

## बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

### सिरहा

३२ वर्षीया महिलालाई ०८१ माघ १७ गते बलात्कार गरेको आरोपमा ५७ वर्षीय ससुराविरुद्ध पीडितले माघ २० गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण माघ १९ गते प्रादेशिक अस्पताल लहानमा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजी इलाका प्रहरी कार्यालय लहानका इन्स्पेक्टर शिव कट्टेलले बताए।

२२ वर्षीया युवतीलाई ०८१ माघ २ गते बलात्कार गरेको आरोपमा कल्याणपुर नगरपालिका-७ का २४ वर्षीय देवसरण मरिकविरुद्ध पीडित परिवारले माघ २४ गते इलाका प्रहरी कार्यालय मिर्चैयामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २४ गते प्रादेशिक अस्पताल सिरहामा भयो। आरोपित फरार रहेकोले खोजी भइरहेको इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी पंचकुमार बाकुले बताए।

३६ वर्षीया महिलालाई ०८१ माघ १९ गते बलात्कार गरेको आरोपमा धनगढीमाई नगरपालिका-२ का २३ वर्षीय मोहमद नसिबुल राईनविरुद्ध पीडितले फागुन २० गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन २० गते प्रादेशिक अस्पताल लहानमा भयो। आरोपित फरार रहेकोले खोजी भइरहेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी विष्णुप्रसाद सोतीले बताए।

१९ वर्षीया युवतीलाई ०८१ पुस २८ गते बलात्कार गरेको आरोपमा गोलबजार नगरपालिका-४ का २४ वर्षीय अजय कुमार साहविरुद्ध पीडित पक्षले पुस २८ गते जिल्ला प्रहरी कार्यालय सिरहामा उजुरी दिए। आरोपितलाई प्रहरीले चैत ७ गते गिरफतार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २८ गते प्रादेशिक अस्पताल सिरहामा भयो।

२७ वर्षीया महिलालाई ०८१ फागुन ४ गते बलात्कार प्रयास गरेको आरोपमा ३४ वर्षीय पुरुषविरुद्ध पीडित पक्षले चैत ६ गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत ६ गते प्रादेशिक अस्पताल लहानमा भयो। आरोपित फरार रहेकाले खोजी भइरहेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी विष्णु प्रसाद सोतीले बताए।

६५ वर्षीया महिलालाई ०८१ चैत ६ गते बलात्कार प्रयास गरेको आरोपमा लहान नगरपालिका-२४ का ६० वर्षीय पर्शुराम कोइरालाविरुद्ध पीडितले चैत ६ गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत ६ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल लहानमा चैत ६ गते भयो।

### धनुषा

१९ वर्षीया महिलालाई ०८१ पुस २५ गते बलात्कार गरेको आरोपमा गणेशमान चारनाथ नगरपालिका-१ का २१ वर्षीय समाउदिन नदाफविरुद्ध पीडित पक्षले पुस २८ गते इलाका प्रहरी कार्यालय ढल्केबरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस

## महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी–मार्च २०२५)

| | |
|---|---|
| बलात्कार | २३ |
| घरेलु हिंसा | ३४० |
| दाइजोजनित हिंसा | ४२ |
| बलात्कार प्रयास | १८ |
| बेचबिखन तथा ओसारपसार | ९ |
| परिवारजनबाट हत्या | ३ |
| 'बोक्सी'को आरोप | ८ |
| साइबर अपराध | ३ |
| जम्मा | ४४६ |

२८ प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपितलाई प्रहरीले फागुन १८ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको फागुन २७ गतेको आदेशले आरोपितलाई आठ वर्ष कैद सजाय भएको तोकिएको अधिकृत आत्माराम विश्वकर्माले बताए।

२९ वर्षीया महिलालाई ०८१ फागुन १३ गते बलात्कार गरेको आरोपमा विदेह नगरपालिका-३ का ४४ वर्षीय सुरज रजकविरुद्ध पीडित पक्षले फागुन १५ गते इलाका प्रहरी कार्यालय धनुषाधाममा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन १८ गते गिरफ्तार गरी जिल्ला अदालत धनुषाबाट सात दिनको म्याद थप गराई अनुसन्धान गरिरहेको इन्स्पेक्टर गणेश खनालले बताए।

२३ वर्षीया महिलालाई ०८१ माघ ३ गते बलात्कार गरेको आरोपमा धनौजी गाउँपालिका-४ घर भई हाल जनकपुरधाम उपमहानगरपालिका-१२ मा डेरामा बस्ने २४ वर्षीय विनय यादवविरुद्ध पीडित पक्षले माघ ६ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ ४ गते प्रादेशिक अस्पताल जनकपुरधाम भयो। आरोपित फरार रहेकोले खोजी भइरहेको इन्स्पेक्टर सागर कार्कीले बताए।

२२ वर्षीया महिलालाई २०८१ फागुन १० गते बलात्कार गरेको आरोपमा कमला नगरपालिका-३ का २३ वर्षीय उमेश मण्डलविरुद्ध पीडितले फागुन १३ गते इलाका प्रहरी कार्यालय खौजुरीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन ११ गते प्रादेशिक अस्पताल जनकपुरधामा भयो। आरोपित फरार रहेकोले खोजी भइरहेको वरिष्ठ हवलदार गोविन्द चौधरीले बताए।

३१ वर्षीया महिलालाई २०८१ फागुन ७ गते बलात्कार गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-३ का २५ वर्षीय नितेश शाहविरुद्ध पीडित पक्षले फागुन ९ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन ७ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजी भइरहेको प्रहरी जवान सिमृत चौधरीले बताए।

२२ वर्षीया महिलालाई ०८१ फागुन १४ गते बलात्कार गरेको आरोपमा विदेह नगरपालिका-५ का २५ वर्षीय निराजन सिंहविरुद्ध पीडित पक्षले फागुन १५ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दितए। पीडितको स्वास्थ्य परीक्षण फागुन १४ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपितलाई प्रहरीले फागुन २४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको चैत २० गतेको इजलासले आरोपितलाई पाँच वर्ष कैद र ६ हजार रुपियाँ जरिबानाको फैसला भएको इन्स्पेक्टर सागर कार्कीले बताए।

२५ वर्षीया महिलालाई ०८१ पुस २२ गते बलात्कार गरेको आरोपमा धनुषाधाम नगरपालिका-९ नौ सय बिघाका २३ वर्षीय सुनिल यादवविरुद्ध पीडित पक्षले पुस २३ गते इलाका प्रहरी कार्यालय धनुषामा उजुरी

दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण पुस २२ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको इन्स्पेक्टर गणेश खनालले बताए।

२४ वर्षीय महिलालाई ०८१ माघ २१ गते बलात्कार गरेको आरोपमा सहिद नगर नगरपालिका-१ का २२ वर्षीय धिरेन्द्र मण्डलविरुद्ध पीडित पक्षले माघ २४ गते इलाका प्रहरी कार्यालय, यदुकुहामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २५ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपितलाई माघ २४ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको फागुन २१ गतेको आदेशले आरोपितलाई आठ वर्ष कैद र ५ हजार रुपियाँ जरिबाना भराउने गरी सिन्धुली कारागार पठाएको इलाका प्रहरी कर्यालय, यदुकुहाका इन्स्पेक्टर ओमप्रकाश यादवले बताए।

२२ वर्षीया युवतीलाई ०८१ पुस १७ गते बलात्कार गरेको आरोपमा गणेशमान चारनाथ नगरपालिका-१ का २४ वर्षीय सुजित शाहविरुद्ध पीडित पक्षले पुस १९ गते इलाका प्रहरी कार्यालय खजुरीमा उजुरी दिए। आरोपितलाई इलाका प्रहरी कार्यालय खजुरीले माघ १ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। जिल्ला अदालत धनुषाको फागुन २३ गतेको आदेशले आरोपितलाई ६ वर्ष कैद र १० हजार रुपियाँ जरिबाना भराउने गरी सिन्धुली कारागार पठाएको अदालतका अधिकृत आत्मराम विश्वकर्माले बताए।

१८ वर्षीया युवतीलाई ०८१ पुस २५ गते क्षिरेश्वरनाथ नगरपालिका-५ का २२ वर्षीय राकेश मण्डलले बलात्कार गरेको आरोपमा पीडित पक्षले पुस २८ गते इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस २६ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। घटनापश्चात आरोपित मण्डल फरार रहेकोले खोजी भइरहेको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका इन्स्पेक्टर सोनु शाहले बताए।

२२ वर्षीया युवतीलाई ०८१ पुस १७ गते बलात्कार गरेको आरोपमा गणेशमान चारनाथ नगरपालिका-१ का २४ वर्षीय सुजित शाहविरुद्ध पीडित पक्षले पुस १९ गते इलाका प्रहरी कार्यालय खौजुरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको इलाका प्रहरी कार्यालय खजुरीका वरिष्ठ हवल्दार गोविन्द चौधरीले बताए।

२८ वर्षीया महिलालाई ०८१ माघ ४ गते बलात्कार प्रयास गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-१३ पिरारीका ३४ वर्षीय राजेश कर्णविरुद्ध पीडित पक्षले माघ ८ गते वडा प्रहरी कार्यालय मुजेलियामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ ८ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपितलाई प्रहरीले माघ १२ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालत धनुषाको फागुन १५ गतेको इजलासले आरोपितलाई पूर्पक्षको लागि जलेश्वर कारागारमा पठायो।

२० वर्षीया महिलालाई ०८१ पुस १९ गते बलात्कार प्रयास गरेको आरोपमा धनुषाधाम नगरपालिका-१ का २२ वर्षीय प्रदिप पासमानविरुद्ध पीडित पक्षले पुस २१ गते इलाका प्रहरी कार्यालय धनुषाधाममा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस ९ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजी भइरहेको इन्स्पेक्टर गणेश खनालले बताए।

२३ वर्षीया महिलालाई ०८१ फागुन २ गते बलात्कार प्रयास गरेको आरोपमा कमला नगरपालिका-१ का २६ वर्षीय ललन नायकविरुद्ध पीडित पक्षले फागुन ४ गते इलाका प्रहरी कार्यालय खौजुरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन ६ गते प्रादेशिक अस्पताल जनकपुरधाम भयो। आरोपित फरार रहेकोले खोजी भइरहेको वरिष्ठ हवलदार गोविन्द चौधरीले बताए।

२६ वर्षीया महिलालाई ०८१ फागुन ७ गते बलात्कार प्रयास गरेको आरोपमा धनुषाधाम नगरपालिका-९ का २४ वर्षीय मदन शाहविरुद्ध पीडित पक्षले फागुन १२ गते इलाका प्रहरी कार्यालय धनुषामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन ८ गते प्रादेशिक अस्पताल जनकपुरधामा भयो। आरोपित फरार रहेकोले खोजी भइरहेको इन्स्पेक्टर गणेश खनालले बताए।

२३ वर्षीया महिलालाई ०८१ माघ ३ गते बलात्कार प्रयास गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-३ का २५ वर्षीय युगल यादवविरुद्ध पीडित पक्षले माघ ६ गते इलाका प्रहरी कार्यालय औरहिमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ १९ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको फागुन २५ गते इजलासले आरोपितलाई पुर्पक्षको लागि जलेश्वर कारागारमा पठायो।

२२ वर्षीया महिलालाई ०८१ माघ १९ गते बलात्कार प्रयास गरेको आरोपमा महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका-८ का २७ वर्षीय फूलदेव शाहविरुद्ध पीडित पक्षले माघ २३ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिए। पीडितको स्वास्थ परीक्षण माघ २० गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित

फरार रहेकोले खोजी भइरहेको प्रहरी जवान सिमृत चौधरीले बताए।

२७ वर्षीया महिलालाई ०८१ फागुन ९ गते बलात्कार प्रयास गरेको आरोपमा विदेह नगरपालिका-९ का ४३ वर्षीय सुनास कर्णविरुद्ध पीडित पक्षले फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन ११ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजी भइरहेको प्रहरी जवान सिमृत चौधरीले बताए।

१८ वर्षीया महिलालाई ०८१ माघ १२ गते बलात्कार प्रयास गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-१३ का २२ वर्षीय सुजन पासमानविरुद्ध पीडित पक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ १३ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजी भइरहेको इन्स्पेक्टर सागर कार्कीले बताए।

२६ वर्षीया महिलालाई ०८१ फागुन २० गते बलात्कार प्रयास गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-९ का ३० वर्षीय दिपु कापरविरुद्ध पीडित पक्षले फागुन २७ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन २८ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजीकार्य भइरहेको इन्स्पेक्टर सागर कार्कीले बताए।

२४ वर्षीया शालिना देवी चौधरीलाई २०८१ माघ २३ गते बलात्कार प्रयास गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-२१ कुर्थाका २५ वर्षीय अनितेस पूर्वेविरूद्ध पीडित पक्षले माघ २५ गते कुर्था प्रहरी चौकीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २७ गते प्रादेशिक अस्पताल जनकपुरधाम भयो। आरोपित फरार रहेकोले खोजी भइरहेको असय युगल चौधरीले बताए।

१९ वर्षीया युवतीलाई ०८१ फागुन १० गते बलात्कार प्रयास गरेको आरोपमा लक्ष्मीनिया गाउँपालिका-३ का २१ वर्षीय रुपेश दासविरुद्ध पीडित पक्षले फागुन १२ गते इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन १२ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। घटना पश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको इलाका प्रहरी कार्यालयका, महेन्द्रनगरका वरिष्ठ हवलदार पंकज यादवले बताए।

१८ वर्षीया युवतीलाई ०८१ माघ २१ गते बलात्कार प्रयास गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-२१ कुर्थाका २२ वर्षीय सुनिल शाहविरुद्ध पीडित पक्षले माघ २१ गते कुर्था प्रहरी चौकीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २१ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपितलाई प्रहरीले चैत १९ गते गिरफ्तार गरी थप अनुसन्धान भइरहेको हवलदार रामचन्द्र मण्डलले बताए।

१९ वर्षीया युवतीलाई ०८१ पुस १७ गते बलात्कार प्रयास गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-१३ पिरारीका २१ वर्षीय संजित रायविरुद्ध पीडित पक्षले पुस १९ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस १७ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपितलाई जिल्ला प्रहरी कार्यालय धनुषाले पुस १७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको माघ २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि जलेश्वर कारागार पठायो।

**महोत्तरी**

१९ वर्षीया युवतीलाई माघ २७ गते बलात्कार प्रयास गरेको आरोपमा गौशाला नगरपालिका-६ निगौलका २० वर्षीय इब्राम नदाफ, २१ वर्षीय गुफ्रान शेख र २० वर्षीय मुन्ना शेखविरुद्ध पीडित पक्षले माघ २९ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २९ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो। उजुरी लगत्तै निगौलबाट आरोपित गुफ्रान शेखलाइ गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर विशाल सिंहले बताए। फरार रहेका इब्राम र मुन्नाको खोजि भइरहेको इन्स्पेक्टर सिंहले बताए। आरोपितहरू विरुद्ध ०८१ फागुन २२ गते महोत्तरी जिल्ला अदालतमा मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश सुवर्णमान बनेपालीको फागुन २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो।

४२ वर्षीया महिलालाई ०८१ माघ २१ गते बलात्कार गरेको आरोपमा बर्दिवास नगरपालिका-६ किसननगरका ३५ वर्षीय रञ्जितकुमार राउतविरुद्ध पीडितले फागुन २८ गते इलाका प्रहरी कार्यालय बर्दिबासमा उजुरी दिइन्। आरोपितलाई फागुन २८ गते प्रहरीले गिरफ्तार गरेको एसपी रेवतीप्रसाद पोखरेलले बताए। पीडितको स्वास्थ परिक्षण २८ गते बर्दिबास अस्पताल बर्दिबासमा भयो। आरोपितविरुद्ध चैत १९ गते महोत्तरी जिल्ला अदालतमा मुद्दा दर्ता भयो। जिलला अदालतका न्यायाधीश नवराज दुलालको चैत २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### सर्लाही

१९ वर्षीया युवतीलाई ०८१ माघ १२ गते बलात्कार गरेको आरोपमा ब्रहमपुरी गाउँपालिका-२ का २३ वर्षीय रमेसर राउत बेल्दारविरुद्ध पीडित पक्षले माघ २७ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २७ गते जिल्ला अस्पताल मलंगवामा भयो। घटना पश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका इन्स्पेक्टर बालिसटर सिंहले बताए।

२६ वर्षीया महिलालाई ०८१ माघ ४ गते बलात्कार प्रयास गरेको आरोपमा बरहथवा नगरपालिका-५ का ३२ वर्षीय महेन्द्र कुमार यादवविरुद्ध पीडित पक्षले माघ १८ गते इलाका प्रहरी कार्यालय बरहथवामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ १८ गते जिल्ला अस्पताल मलंगवामा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको इलाका प्रहरी कार्यालय बरहथवाका डिएसपी मुक्तीनाथ सापकोटाले बताए।

२७ वर्षीया महिलालाई ०८१ फागुन २८ गते बलात्कार प्रयास गरेको आरोपमा बरहथवा नगरपालिका-१० का ३२ वर्षीय रामप्रवेश कुमार मण्डलविरुद्ध पीडित पक्षले चैत २२ गते इलाका प्रहरी कार्यालय, बरहथवामा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण चैत २४ गते जिल्ला अस्पताल, मलंगवामा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको इलाका प्रहरी कार्यालय, बरहथवाका डिएसपी मुक्तीनाथ सापकोटाले बताए।

### रौतहट

१८ युवतीलाई ०८१ माघ २४ गते कटहरिया नगरपालिका-८ का १९ वर्षीय सन्तोष साहले बलात्कार गरेको भन्दै पीडितले फागुन २३ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन २३ गते प्रादेशिक अस्पताल गौरमा भयो। घटनापश्चात आरोपित फरार रहेकोले खोजि भइरहेको डिएसपी राजन कार्कीले बताए।

### पर्सा

२४ वर्षीया महिलालाई ०८१ माघ ४ गते नशालु पदार्थ खुवाइ अचेत अवस्थामा बलात्कार गरी गर्भवती बनाएको आरोपमा वीरगञ्ज महानगरपालिका-१३ मुर्लि टोलका ५२ वर्षीय शेख महमद अन्वरविरुद्ध पीडित पक्षले चैत १२ गते जिल्ला प्रहरी कार्यालय, पर्सामा उजुरी दिए। आरोपितलाई प्रहरीले चैत १२ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत १२ गते नारायणी उपक्षेत्रीय अस्पताल, वीरगञ्जमा भयो।

५४ वर्षीया महिलालाई ०८१ फागुन २१ गते बलात्कार गरेको आरोपमा छिपरमाई गाउँपालिका-२ टिहुकी टोलका २७ वर्षीय कुमार पटेलविरुद्ध पीडित पक्षले फागुन २२ गते जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दिए। घटना पश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका, पर्साका डिएसपी सुवास भट्टले बताए। पीडितको स्वास्थ्य परीक्षण फागुन २२ गते नारायणी अस्पताल, पर्सामा भयो।

५८ वर्षीया महिलालाई चैत ३ गते बलात्कार प्रयास गरेको आरोपमा वीरगञ्ज उपमहानगरपालिका-३२ चोर्नि टोलका ४० वर्षीय मेघनाथ यादवविरुद्ध पीडितले चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत ३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ३ गते नारायणीमा अस्पताल भयो। आरोपितविरुद्ध जिल्ला अदालतमा चैत २७ गते मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश कमलकान्त जोशीको चैत २८ गतेको इजलासले आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

५३ वर्षीया महिलालाई ०८१ फागुन १९ गते बलात्कार प्रयास गरेको आरोपमा छिपरमाई गाउँपालिका-२ का ५३ वर्षीय मोतिलाल यादव भनिने मोतिलाल राउत अहिरविरुद्ध पीडित पक्षले फागुन २० गते जिल्ला प्रहरी कार्यालय, पर्सामा उजुरी दिए। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले फागुन २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ परीक्षण फागुन २० गते नारायणी अस्पताल पर्सामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत १० गते मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश नन्दकिशोरप्रसाद यादवको चैत ११ गतेको इजलासले आरोपितलाई धरौटी माग गऱ्यो।

## सामाजिक सञ्जाल मार्फत चरीत्र हत्या

### पर्सा

२९ वर्षीया महिलाले ०८१ फागुन २८ गते नक्कली प्रोफाइल बनाएर चरित्र हत्या हुनेगरी सामाजिक सञ्जाल फेसबुकमा फोटो पोस्ट गरेको आरोपमा वीरगञ्ज महानगरपालिक-२३ का ३३ वर्षीय नन्दलाल दासविरुद्ध पीडित पक्षले फागुन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरी पश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका, पर्साका डिएसपी सुवास भट्टले बताए।

## दाईजोका कारण कुटपिट

**सर्लाही**

हरिपुर नगरपालिका-२ की २१ वर्षीया बविता कुमारी महरालाई ०८१ चैत ११ गते थप दाइजोको निहुँमा घर परिवारले कुटपिट गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालय, मलंगवामा चैत २२ गते उजुरी दिइन्। पीडित महिलालाई सासु ४७ वर्षीय मोहनी देवी महरा, नन्द १५ वर्षीया विभा कुमारी र पति २२ वर्षीय रामकलेश महराले थप दाइजोको निहुँमा गालिगलौज गर्नुका साथै कुटपिट गरेको पीडित पक्षले बताए। पीडितको उपचार चैत ११ गते हरिपुर स्थित स्वास्थ्य चौकीमा भयो र थप उपचार चैत १२ गतेदेखि १४ गतेसम्म जिल्ला अस्पताल मलंगवामा भयो। उपचारपश्चात पीडित माइती घर मलंगवा नगरपालिका-४ शिवसागर चौक नजिक बस्दै आइरहेकी छिन्। पीडित र आरोपित पतिबीच ०८० फागुन १६ गते विवाह भएको थियो। विवाहमा नगद ५० हजार रुपियाँ र फर्निचरका सामग्री दिए पनि थप दाइजो बापत सुन नदिएको भन्दै आरोपितहरूले कुटपिट गरेको पीडितले बताइन्।

## परिवारजनबाट हत्या

**सप्तरी**

सुरुङ्गा नगरपालिका-११ अराहा भजका टोलकी २१ वर्षीया सन्जुकुमारी पासमानलाई ०८१ फागुन १५ गते कुटपिट गरी हत्या गरेको आरोपमा पति २५ वर्षीय दिपेश कुमार पासमान, दाजु ३५ वर्षीय दिनेश भनिने जितेन्द्र पासमान, भाइ २० वर्षीय रुपेस पासमान र बुबा ६५ वर्षीय रामनारायण पासमानविरुद्ध पीडित पक्षले फागुन २१ गते इलाका प्रहरी कार्यालय, कडरबोनामा उजुरी दिए। आरोपित पतिलाई फागुन २१ गते प्रहरीले गिरफ्तार गऱ्यो। अर्का आरोपितहरु फरार छन्। फागुन १५ गते घरायसी विवादको क्रममा पत्नीलाई कुटपिट गर्दा घाइते भएकी उनको प्राथमिक उपचार गजेन्द्रनारायण सिंह अस्पताल भयो। लगेको आरोपितले प्रहरी समक्ष बयान दिए। घाइतेको थप उपचारका लागि फागुन १८ गते धरानस्थित वि.पि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएकोमा उपचारको क्रममा फागुन २१ गते मृत्यु भयो। शवको पोष्टमार्टम वि.पि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा फागुन २१ गते भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत १७ गते मुद्दा दर्ता गऱ्यो। अन्य आरोपितहरु हालसम्म फरार छन्। जिल्ला अदालतका न्यायाधीश किशोर घिमिरेको चैत १९ गतेको इजलासले आरोपितलाई शरीर परीक्षणको आदेश गऱ्यो।

**धनुषा**

धनुषाधम नगरपालिका-५ दक्षिनबारी टोल पर्वताकी २७ वर्षीया संगीता ठाकुरको ०८१ माघ १२ गते हत्या गरेको आरोपमा पति ३३ वर्षीय देवलाल ठाकुरलाई माघ १३ गते इलाका प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। पति पत्नीबीच विवाद हुँदा पतिले पत्नीको टाउकोमा आग्लो प्रहार गरी हत्या गरेको इलाका प्रहरी कार्यालय धनुषाधामका इन्स्पेक्टर गणेश खनालले बताए। आरोपितविरुद्ध मृतककी छोरीले इलाका प्रहरी कार्यालय धनुषाधाममा माघ १३ गते उजुरी दिइन्। शवको पोष्टमार्टम प्रादेशिक अस्पताल जनकपुरधामा माघ १३ गते भयो। जिल्ला अदालत धनुषाको फागुन ८ गतेको आदेशले आरोपितलाई पूर्पक्षको लागि जलेश्वर कारागार पठाएको  इन्स्पेक्टर खनालले बताए।

**महोत्तरी**

गौशाला नगरपालिका-८ की २० वर्षीया खुश्बु यादवको ०८१ माघ २० गते हत्या गरेको आरोपमा पति २५ वर्षीय अभिषेक यादवविरुद्ध मृतकका माइती पक्षले जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा माघ २० गते उजुरी दिए। पति पत्नी बीच घरायसी विवाद हुँदा आरोपितले धारिलो हतियार प्रहार गरी हत्या गरेको मृतकका माइत पक्षले बताए। जिल्ला प्रहरी कार्यालय, महोत्तरीका डिएसपी सन्तुलाल जैसवारका अनुसार शव गौशाला नगरपालिका-५ स्थित विद्युत प्राधिकरणको कार्यालयदेखि ५ सय मिटर उत्तर तर्फ खेतमा फेला परेको थियो। आरोपितविरुद्ध मृतककी माइती पक्षले इलाका प्रहरी कार्यालय, गौशालामा माघ २० गते उजुरी दिए। घटनापश्चात आरोपित फरार रहेकोले खोज तलास गरिरहेको डिएसपी सन्तुलाल जैसवारले बताए। शवको पोष्टमर्टम प्रादेशिक अस्पताल जलेश्वरमा माघ २० गते भयो। आरोपित हालसम्म फारार छन्।

## बोक्सीको आरोपमा

**धनुषा**

जनकपुरधाम उपमहानगरपालिका-८ की २५ वर्षीया सुनैना देवी महरामाथि ०८१ फागुन १ गते बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै सोही ठाउँका ३० वर्षीय सरोज माहाराविरुद्ध पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिए। पीडितको स्वास्थ्य उपचार सोही दिन प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजी भइरहेको इन्स्पेक्टर सागर कार्कीले बताए।

जनकपुरधाम उपमहानगरपालिका-८ बलवा टोलकी ३२ वर्षीया संगीतादेवी शाहलाई ०८१ फागुन १९ गते बोक्सीको आरोपमा सोही ठाउँका ५८ वर्षीय सुरेन्द्र शाहले कुटपिट गरेको भन्दै पीडित पक्षले फागुन २० गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिए। पीडितको स्वास्थ उपचार सोही दिन प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। उजुरी पश्चात पीडित र आरोपित पक्ष प्रहरीको सम्पर्कमा नआएको प्रहरी जवान सिमृत चौधरीले बताए।

२९ वर्षीया महिलालाई ०८१ फागुन २१ गते बोक्सी भन्दै दुर्व्यवहार गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-२१ कुर्थाका ४४ वर्षीय रामलखन दासविरुद्ध पीडितले फागुन २६ गते कुर्था प्रहरी चौकीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन २६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत धनुषाको चैत ५ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला अदालतका अधिकृत आत्माराम विश्वकर्माले बताए।

३६ वर्षीया महिलालाई ०८१ माघ १० गते बोक्सीको आरोपमा लक्ष्मीया गाउँपालिका-५ का २८ वर्षीय जगदेव मण्डल र २५ वर्षीय धीरज मण्डलले कुटपिट गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा माघ १३ गते उजुरी दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण सोही दिन स्थानीय क्लिनिकमा भयो। प्रहरीले आरोपितलाई फागुन ११ गते आफ्नै घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको चैत ४ गतेको आदेशमा आरोपितहरु जनही २० हजारमा रुपियाँ धरौटी राखी रिहा भएको इलाका प्रहरी कार्यालय महेन्द्रनगर मुद्दा शाखाका वरिष्ठ हवल्दार पंकज यादवले बताए।

**सर्लाही**

४६ वर्षीया महिलालाई फागुन १७ गते मलंगवा नगरपालिका-१२ गम्हरीया का ३७ वर्षीय महेश यादव र ३६ वर्षीय दिपेन्द्र कुमार महतोले 'बोक्सी' आरोपमा गालिगलौज तथा कुटपिट गरेको भन्दै पीडित पक्षले आरोपितहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय मलंगवामा फागुन २५ गते उजुरी दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन १७ गतेदेखि १९ गतेसम्म प्रादेशिक अस्पताल मलंगवामा भयो र थप उपचार जनकपुरधाम स्थित प्रादेशिक अस्पतालमा फागुन २२ गते देखी २३ गतेसम्म भएको पीडित पक्षले बताए। घटना बारे अनुसन्धान गरी दोषी उपर कानुन बमोजिम कारबाही गर्ने जिल्ला प्रहरी कार्यालय, मलंगवाका डिएसपी सरोज राईले बताए। आरोपितहरु हालसम्म फरार रहेको डिएसपी राईले बताए।

४४ वर्षीया महिलालाई ०८१ चैत ७ गते गोडैता नगरपालिका-७ का ३८ वर्षीय बिरेन्द्र कुमार यादव र ३६ वर्षीय भिखारी चौधरीले 'बोक्सी' आरोपमा गालिगलौज तथा कुटपिट गरेको भन्दै पीडित पक्षले आरोपितहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय मलंगवामा चैत १५ गते उजुरी दिइन्। प्रहरीले आरोपितहरूविरुद्ध उजुरी चैत १९ गते उजुरी दर्ता गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल मलंगवामा चैत ७ गतेदेखि ९ गतेसम्म भयो र थप उपचार वीरगञ्जस्थित नेशनल नारायणी अस्पतालमा चैत ११ गते देखी १२ गतेसम्म भयो। उजुरी पश्चात आरोपितहरू फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका डिएसपी सरोज राईले बताए।

**बारा**

बिश्रामपुर गाउपालिका-२ बस्ने ७५ वर्षीया सोविता देवि अहिरलाई ०८१ माघ २४ गते सोहि टोलका ३८ वर्षीय विनोद प्रसाद यादव, ३० वर्षीय धिरेन्द्र प्रसाद यादव, २६ वर्षीय दिपेन्द्र यादव, ३६ वर्षीया रमलि देवी यादव र ३४ वर्षीया सविता देवी यादवले बोक्सिको आरोपमा गालिगलौज तथा कुटपिट गरी दुर्व्यबहार गरेको भन्दै पीडितले सोहि दिन जिल्ला प्रहरी कार्यालय कलैयामा उजुरी दिइन्। आरोपित धिरेन्द्र यादवलाई प्रहरीले माघ २४ गते गिरफ्तार गऱ्यो। अन्य आरोपितहरू हालसम्म फरार छन्। आरोपितहरूविरुद्ध जिल्ला अदालतमा फागुन १५ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इन्दिरा शर्माको फागुन १८ गतेको इजलासले आरोपित धिरेन्द्र यादवलाई पुर्पक्षका लागि थुनामा पठायो। अन्य आरोपितहरू हालसम्म फरार छन्।

## जातीय विभेद

**सिरहा**

औरही गाउँपालिका-५ का डोम समुदायका ३५ वर्षीय दीपक मल्लिकको घर ०८१ फागुन १० गते सामूहिक यज्ञस्थल बनाउने भन्दै भत्काएको आरोपमा प्रहरीले औरही गाउँपालिकाका अध्यक्ष ५५ वर्षीय शिवजी यादव, जनमत पार्टीका अध्यक्ष ३६ वर्षीय दिलिप यादव र नाम ठेगाना नखुलेको ७५ वर्षीय मुल पुरोहित बजरंगी बाबा विरुद्ध जातीय भेदभाव तथा छुवाछुत कसुरमा चैत ९ गते उजुरी दिए। ०८१ चैत १७ गते देखि विष्णु महायज्ञ गर्ने भन्दै गाउँपालिका अध्यक्षको अगुवाई घर भत्काइएको

पीडित दीपक मरिकले बताए। इलाका प्रहरी कार्यालय लहानका डिएसपी विष्णुप्रसाद सोतीले चैत ९ गते उजुरी लिएर कानुनी कारबाही अघि बढाएको बताए। आरोपितमध्येका गाउँपालिका अध्यक्ष र जनमत पार्टीका अध्यक्षलाई प्रहरीले चैत ८ गते गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १४ गते जातीय विभेद शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विदुर काफ्लेको चैत १५ गतेको आदेशले आरोपितहरूलाई जनही १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपितहरु शिवजी यादव र दिलिप यादव सोही दिन धरौटी बुझाएर रिहा भए। आरोपित बाबा हालसम्म फरार छन्। ०८१ चैत १७ गतेसम्म मुद्दा कानुनी प्रक्रियामा छ। घटनाको अनुगमन इन्सेक र  राष्ट्रिय मानव अधिकार आयोगले ०८१ चैत ७ र ८ गते गरेको थियो।

**सर्लाही**

गोडैता नगरपालिका-१० सिसौटियाका ३९ वर्षीय रामनारायण महरा चमारमाथि ०८१ फागुन ९ गते जातीय विभेद गरेको आरोपमा सोही ठाउँका ४२ वर्षीय विकेश कुमार अधिकारीविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यलय, मलंगवामा फागुन २५ गते उजुरी दिए। गोडैता नगरपालिका-१० स्थित सिसौटिया गाउँदेखि उत्तरतर्फ रहेको नहरमा कपडा धुने क्रममा सोही नहरमा नुहाउन पुगेका आरोपितले दलित चमार भन्दै पानीबाट बाहिर निस्कन भनेको र नमान्दा कुटपिट गरेको पीडित पक्षले बताए। पीडितको घाउ जाँच जिल्ला अस्पताल, मलंगवामा फागुन २६ गते भएको डा. संजिव कुमार सिंहले बताए। घटना पश्चात आरोपित फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय, मलंगवाका डिएसपी सरोज राईले बताए।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**मधेश प्रदेशद्वारा प्रकाशित**

**संयोजन** : राजु पासवान, **सम्पादन** : मोहनकुमार चौधरी

जनकपुरधाम उपमहानगरपालिका-४, पिडरिया माइस्थान, धनुषा, फोन नं. ०४१-५९११८४

इमेल : Janakpur@insec.org.np, Website : www.inseconline.org